# कास्की जिल्ला अदालत

## पोखरा

☎ ०६१-४६२७५५

(प्रशासन शाखा )

पत्र संख्या ०७७/०७८

च.नं

## कास्की जिल्ला अदालतवाट जारी गरिएको सूचना

विश्वव्यापी महामारीको रूपमा तीव्र गतिमा फैलिएको नयाँ भेरियन्टको कोरना भाइरस (COVID-19) को संक्रमणका कारण अदालतको कामकारबाही तथा सेवा प्रवाहमा सङ्कुचन ल्याउने गरी यस अदालतको विभिन्न मितिहरुमा पूर्ण बैठकबाट निर्णय भएकोमा जिल्ला प्रशासन कार्यालय कास्कीद्वारा जारी गरिएको निषेधाज्ञा लागू रहेसम्मका लागि मिति २०७८/०४/१ गतेदेखि लागू हुनेगरी अर्को सूचना वा आदेश जारी नभएसम्मका लागि देहाय बमोजिमका कामकारबाही तथा सेवाहरू मात्र प्रवाह गर्ने निर्णय गरियो।

१. पक्राउ पुर्जी अनुमति, जरुरी पक्राउ पुर्जीको समर्थन, अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), कल डिटेल अनुमति समेतका कार्य श्रव्य-दृश्य माध्यमबाट मात्र गरिने।
२. फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदन।
३. बाल सुधारगृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदनउपरको कारबाही श्रव्य-दृश्य माध्यमबाट गरिने।
४. अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने र थुनछेक आदेश, बहससम्बन्धी कार्य।
५. फैसला कार्यान्वयन सम्बन्धी थुनुवा /कैदीका निवेदन दर्ता र सुनुवाइ गर्ने।
६. फिराद पत्र दैनिक टोकन प्रणाली अपनाइ प्रतिदिन १० वटासम्म दर्ता गर्ने।
७. घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ४ अन्तर्गतको उजुरी र सोको दफा ६ सम्बन्धी मुद्दा र अन्तरकालीन संरक्षणात्मक आदेश
८. विषेश प्रकृतिका निवेदनहरु टोकन प्रणाली अपनाई प्रतिदिन १० वटासम्म दर्ता गर्ने।
९. चालु मुद्दाको मुद्दा फिर्ता, मिलापत्र, डिसमिस र तामेली।
१०. देवानी कार्यविधि संहिता, २०७४ को भाग १ परिच्छेद ३ अन्तर्गतको निवेदन दर्ता र सुनुवाइ।

पुनश्च- काम कारबाही तथा सेवा प्रवाह स्थगन भएका अवधिमा मुद्दा तथा निवेदनहरूमा रहेका हदम्याद म्याद र तारेख नगुज्रने।



...@supremecourt.gov.np, kdcpkr@gmail.com